लुम्बिनी प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
# प्रदेश युवा परिषद विकास समिति
बुटवल, रुपन्देही

प.सं.: २०८०।८१
च.नं.:

मिति २०८०।१२।२३

## नवउद्यमी युवा प्रतिभा प्रोत्साहनका लागि व्यवसायिक प्रोफायल पेश गर्ने सम्वन्धी सूचना

आ.व. २०८०/०८१ को राष्ट्रिय युवा परिषद (ससर्त) कार्यक्रम अन्तर्गत नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन हुने भएकोले लुम्बिनी प्रदेशभित्र उद्यम गरिरहेका १६ देखि ४० वर्षका तपसिलमा उल्लेख भए बमोजिमको योग्यता पुरा भएका इच्छुक नवउद्यमी युवाहरुले यो सुचना प्रकासन भएको मितिले ३० दिन भित्र संलग्न ढाँचामा अवश्यक कागजाज सहित विस्तृत व्यवसायिक प्रोफायल यस 'युवा परिषद विकास समिति बुटवल,सामाजिक विकास मन्त्रालय राप्ती उपत्यका (देउखुरी) नेपाल वा पायक पर्ने लुम्बिनी प्रदेशका जुनसुकै सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१) उद्यम शुरु भएको एकवर्ष पुरा भएको र पाँच वर्ष ननाघेको हुनुपर्नेछ।

२) लघु तथा घरेलु उद्यम र कृषिमा आधारित उद्यमलाई प्रतियोगितामा सहभागीताका लागि प्राथामिकता दिईनेछ।

३) प्रतियोगितामा सहभागी हुने लघु उद्यमको हकमा घर जग्गा बाहेक बढीमा बीस लाख सम्मका स्थीर पुँजी रहेका बार्षिक १ करोड रुपैयाँ भन्दा कम रहेका र इञ्जिन उपकरण वा मेसिनको प्रयोग गरेको भएमा विद्युतिय उर्जा इन्धन वा अन्य तेल इञ्जिनको क्षेमता बीस किलोवाट भन्दा कम भएका र घरेलु उद्योगको हकमा श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि,कला तथा सँस्कृतिमा आधारित र इञ्जिन उपकरण वा मेसिनरी प्रयोग गरेको भएमा बढीमा पचास किलोवाट सम्मको क्षमताको विद्युतीय उर्जा प्रयाग गरेका हुनुपर्नेछ। अन्य उद्यमको हकमा समेत स्थिर पुँजी र वार्षिक कारोबार रकम लघु तथा घरेलु उद्यम सरह हुनुपर्नेछ।

४) म्याद समाप्त भएपश्चात देवनागरी लिपिको वर्णानुक्रम अनुसारको प्रतियोगीहरूको नामावली तयार गरी नवउद्यमी नामावली मन्त्रालय र यस परिषदको सूचनापाटी तथा वेवसाइटमा प्रकाशन गरिनेछ।

५ नवउद्यमी युवाहरुबाट पेश भएका व्यवसायीक प्रोफायलको अध्ययन तथा आवश्यकतानुसार मूल्याङ्कन समितिले प्रतियोगीहरुको अन्तिम सूची तयार गरी प्रदर्शनी तथा प्रस्तुतीकरणको मिति र समय निर्धारण गर्नेछ।

६) निर्धारित मिति र समयमा परिषदले प्रदेशस्तरको प्रस्तुतीकरण कार्यक्रम आयोजना गरी मूल्याङ्कन समिति मार्फत प्रतियोगीहरुको अन्तिम मूल्याङ्कन गरी उत्कृष्ट तीन युवा उद्यमी छनोट गर्नेछ। उत्कृष्ट पहिलो, दोस्रो, तेस्रो स्थान हासिल गर्ने युवाहरुलाई कमश एक लाख, पचहत्तर हजार, पचास हजार रुपैयाँ नगद पुरस्कार र प्रमाण पत्र प्रदान गरीनेछ।

७) उत्कृष्ट तीन स्थान प्राप्त गर्ने युवाहरुलाई राष्ट्रिय युवा परिषदले आयोजना गर्ने राष्ट्रिय तहको नवउद्यमी युवा पहिचान तथा प्रोत्साहन कार्यक्रममा सहभागिताका लागि पठाइनेछ।

८) छनोटका अन्य आधार र प्रक्रिया राष्ट्रिय युवा परिषदको नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि २०८० वमोजिम रनेछ।

९) पेश गर्नुपर्ने विवरण तथा कागजातहरु: उद्यमसँग सम्बन्धित विस्तृत उद्यम प्रोफायल, उद्यमीको नागरिकताको प्रमाणपत्र प्रतिलिपी उद्यम दर्ता र नवीकरणको प्रमाणपत्र प्रतिलिपी, पान दर्ता, लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको सिफारिस कम्तिमा ५ मिनेटको वर्णनात्मक भिडियो अनिवार्य पेश गर्नुपर्नेछ।

१०) जानकारी तथा सम्पर्कका लागि सम्पर्क: सरोज खनाल ९८४७१०६०७३ गोविन्द ब खत्री ९८५७०२१००३

**बोधार्थ**

श्री राष्ट्रिय युवा परिषद सानोठिमी, भक्तपुर
श्री सामाजीक विकास मन्त्रालय,वेवसाईटमा सुचना प्रकासन गरि सहयोग रिदिनहुनु
श्री सबै स्थानीय तहहरु, लुम्बिनी प्रदेश सूचना सम्प्रेषणमा सहयोग तथा समन्वयका लागि अनुरोध छ।
श्री सबै घरेलु तथा साना उद्योग कार्यालयहरु, लुम्बिनी प्रदेश सूचना सम्प्रेषणमा सहयोग तथा समन्वयका लागि अनुरोध छ।
श्री सामाजिक विकास डिभिजन कार्यालय सबै,लुम्बिनी प्रदेश पेश हुन आएका आवेदन संकलन गरी सहयोग गरीदिनुहुन।
श्री युवा परिषद लुम्बिनी,कम्प्युटर शाखा वेवसाईटमा सुचना प्रकासन गरिदिनुहुन

...बहादुर खत्री
...ध्यक्ष